जसले गैरुल्लाह (अल्लाह बाहेक अरू कसै) को कसम खान्छ, उसले कुफ्र वा शिर्क गर्दछ ।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, मैले एक व्यक्तिलाई
यसो भन्दै गरेको सुने, "होइन, म काबाको कसम खान्छु," उनले भने: अल्लाह बाहेक अरू कसैको कसम खानु हुँदैन, किनकि मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम)लाई भन्दै गरेको सुनें
छु कि : "जसले गैरुल्लाह (अल्लाह बाहेक अरू कसै) को कसम खान्छ, उसले कुफ्र वा शिर्क
गर्दछ ।"
[सही] [तिर्मीजीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो, जसले अल्लाहको नाम र विशेषताहरू बाहेक अरू कुनै सृष्टिको कसम खान्छ, उसले कुफ्र वा शिर्क गर्छ; किनभने कसम खाँदा कसम खाने व्यक्तिको महिमा आवश्य नै हुन्छ जबकि महिमा योग्य केवल अल्लाह हुनुहुन्छ । त्यसैले केवल उहाँको नाम र गुणहरूको कसम खानुपर्छ, उहाँ हरेक कमीकमजोरीबाट पवित्र हुनुहुन्छ । अल्लाह बाहेक अरू कसैको कसम खानु सानो शिर्क हो । तर कसम खाने व्यक्तिले कसम खाने कुरालाई अल्लाहको समान वा सोभन्दा बढी सम्मान दियो भने त्यो ठूलो शिर्क हुनेछ ।

https://sunnah.global/hadeeth/ne/show/3359